# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :८ संख्या : ३९ कार्तिक ९ गते, शुक्रबार, २०८१**

## भाग-२

# रेसुङ्गा नगरपालिकाको व्यवसायिक करार खेति गर्ने कृषकलाई अनुदान कार्यविधि,२०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८१/०७/०७

**प्रस्तावना:**

रेसुङ्गा नगरपालिका भित्र रहेका कृषियोग्य जग्गाको अधिकतम उपयोग गरी व्यवसायिक रुपमा खेति गर्न सक्ने कृषक र कृषि उत्पादनमा वृद्धि गर्ने उदेश्यले रेसुङ्गा नगरपालिका अन्तर्गत सम्पूर्ण वडाहरुमा करार खेतीलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्न स्थानीय सरकार ऐन '२०७४' को परिच्छेद ३ दफा ११ (ण) (१) ले दिएको अधिकार प्रयोग गरि रेसुङ्गा नगरपालिकाले "व्यवसायिक करार खेति गर्ने कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८१" बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ;**

(क) यो कार्यविधिको नाम " व्यवसायिक करार खेति गर्ने कृषकलाई अनुदान उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८१ " रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत मिति देखि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि रेसुङ्गा नगरपालिका भर लागु हनेछ ।

२. **उदेश्यहरु;-** यस कार्यक्रमका उदेश्य देहाय बमोजिम रहेका छन ।

(क) जग्गा भाडामा लिएर व्यवसायिक खेति गर्ने कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(ख) नगरपालिकाको समग्र कृषि उत्पादनमा वृद्धि गर्ने ।

(ग) नगरपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने ।

**३. परिभाषा;-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "करार खेति गर्ने कृषक" भन्नाले व्यवसायिक रुपमा खेति गर्न इच्छुक भएका तर आफ्नो जग्गा कम भएका किसानहरुले भाडामा खेति गरि व्यवासायिक कृषि गर्ने हैसियत भएका कृषक वा कृषि फर्मलाई सम्झनु पर्छ ।

(ख) " स्थानीय तह " भन्नाले रेसुङ्गा नगरपालिका सम्झनु पर्छ ।

(ग) "वडा कार्यालय " भन्नाले नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

४. कार्यक्रम संचालन तथा अनुदान सम्बन्धि व्यवस्था;

(क) करार खेति गर्ने कृषकले जग्गा भाडामा लिई खेति गरिरहेका/ गर्न चाहेका भाडा रकमको शत प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

(ख) करार खेति गर्ने कृषकले जग्गा भाडामा लिई व्यवसायिक खेति गर्न निशुल्क प्राविधिक सेवा, टेवा तथा उपदफा (झ) तालिका न. १ बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

(ग) कार्यक्रमबाट करार खेति गर्ने कृषकलाई बढीमा २५ रोपनी सम्मको भाडाबापतको रकम मात्र उपलब्ध गराइनेछ ।

(घ) करार खेति गर्ने कृषकले कम्तिमा ३ वर्ष सम्मको वार्षिक कार्ययोजना निर्माण गरि कृषि गर्नु पर्नेछ । उक्त कार्ययोजना प्रस्तावसंग पेश गर्नु पर्नेछ ।

(ङ) गुठि, सार्वजनिक संघ संस्था तथा अन्य सरकारी जग्गाहरुको हकमा भने सम्बन्धित निकायको अनुमति पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

(च) कार्यक्रम कार्यन्वयन गर्न नगरपालिकाको आर्थिक बजेट व्यवस्था भएको बजेटको सीमाभित्र रही अनुदान उपलब्ध गराइनेछ तथा शर्त अनुसार काम नभएमा अनुदान उपलब्ध गराइने छैन ।

(छ) करार खेति गर्ने कृषकले अनुदान लिन व्यवसायिक खेति गर्न जग्गा भाडा लिने र दिने पक्ष बीच भएको सम्झौतापत्र, व्यवसायिक योजना साथ संलग्न गरि पालिकामा पेश गर्नुपर्नेछ ।

(ज) कृषक वा कृषि फर्मले पेश गरेको व्यवसायिक खेति योजना पालिकाबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(झ) करार खेति गर्ने कृषक वा कृषि फर्मले देहाय बमोजिमको कार्यक्रमका लागि उल्लेखित प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

तालिका न.१

| क्र.स | कार्यक्रम | अनुदानको दर | अनुदानको प्रतिशत |
|---|---|---|---|
| १. | व्यवसायिक करार खेति गर्ने अनुदान कार्यक्रम | प्रति रोपनी १०००/- वा सम्झौता बमोजिमको रकम जुन कम हुन आउछ । | जग्गा भाडामा १०० प्रतिशत |

**५. व्यवसायिक कार्ययोजना माग तथा छनोट विधिः**

(क) यस कार्यविधि अनुरुप जग्गा भाडामा लिई व्यवसायिक खेति गर्न इच्छुक कृषक वा कृषि फर्मबाट दफा ४ को उपदफा (क) र (ख) बमोजिम अनुदानको लागि रेसुङ्गा नगरपालिकाले अनुसूची- १ बमोजिमको ढाचामा सार्वजनिक सूचना प्रकाशन गरि प्रस्ताव आहवान गर्नेछ ।

(ख) यसरी आहवान गरिने सुचनामा अनुदान प्राप्त गर्न कृषक वा कृषि फर्मले निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु एवं व्यवसायिक योजनामा उल्लेख हुनुपर्ने विवरणहरु तथा कागजात स्पस्ट उल्लेख गर्नुपर्नेछ ।

(ग) कृषक वा कृषि फर्मले सार्वजनिक गरेको सुचनामा तोकिएको मितिभित्र तोकिएको कार्यालयमा यस कार्यविधिको अनुसूची- ३ बमोजिमको ढाचामा निवेदन पेश गर्नुपर्नेछ ।

(घ) जग्गा भाडामा लिई व्यवसायिक खेति गर्ने कृषक वा कृषि फर्मबाट पेश भएका प्रस्ताव प्रमाणिकरण गरि वडा कार्यालयले पालिकाको कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

(ङ) सिफारिस भएका प्रस्तावहरुको कार्यक्रम मूल्यांकन समितिले अनुसुची- ६ का आधारमा मुल्यांकन गरी प्राथमिकताक्रममा तोक्नेछ ।

**६.अनुदान प्रवाह विधि** : जग्गा भाडामा लिई व्यवसायी खेति गर्ने कृषक वा कृषि फर्मलाई अनुदान प्रदान गर्ने विधि देहाय बमोजिम हुनेछ ।

(क) अनुदानको लागि अन्तिम छनोटमा परेको प्रस्तावकले (कृषक वा कृषि फर्म) यथाशिघ्र नगरपालिकासँग अनुसूची- ५ बमोजिमको ढाचामा सम्झौता गर्नुपर्नेछ ।

(ख) अन्तिम छनोटमा परेका कुनै प्रस्तावकले तोकिएको समयभित्र सम्झौता गरि कार्य अगाडी बढाइनेछ ।

(ग) अनुदानको लागि छनोट भएको कृषक वा कृषक फर्मले सम्झौता गर्न अगावै कार्ययोजना अनुसारको कार्य गर्ने प्रतिबद्दता सहित जग्गा भाडामा लिई व्यवसायिक खेति गर्नका लागि सम्बन्धित जग्गा धनिहरुसंग औपचारिक करारनामा वा स्वीकृतिपत्र प्राप्त गरिसकेको हुनुपर्नेछ ।

(घ) अनुदान रकम प्राप्त गर्ने मनासयले जग्गाधनीको मिलेमतोमा अस्वाभाविक भाडा सम्झौता गरेको पाइएमा सेवाग्राहीलाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

(ङ) जग्गा भाडा बापतको रकम सम्बन्धित जग्गाधनीको मंजुरिनामा वडा कार्यालयको सिफारिसमा कृषकहरुलाई चेक मार्फत वा सिधै बैंक खातामा राखी भुक्तानी गरिनेछ ।कार्य प्रगतिको आधारमा वर्षभरिकै भाडा भुक्तानी दिईनेछ ।

(च) सम्झौता गरिएका कृषक वा कृषि फर्मले कार्ययोजना बमोजिमको कार्य संतोसजनक रुपमा सम्पादन नगरेको पाइएमा उक्त सम्झौता कुनै बेला रद्द गरिनेछ ।

**७. भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरुः** काम सम्पन्न गरि भुक्तानीको लागि देहाय बमोजिमको कागजातहरु संलग्न राखी पेश गर्नुपर्नेछ ।

(क) सम्झौता पत्रको प्रतिलिपि ।

(ख) स्वीकृत कार्ययोजनाको प्रतिलिपि र तोकिए बमोजिमको क्रियाकलाप गरिएको खर्चको विवरण ।

(ग) वडा कार्यालयको सिफारिस ।

(घ) स्थलगत अनुगमन गरेको अनुगमन प्रतिवेदन ।

(ङ) कम्तिमा ३ प्रति फोटो र चेकको प्रतिलिपि ।

(च) भुक्तानीका लागि निवेदन आदिको आधारमा अनुदान उपलब्ध गरिनेछ ।

**८. रकम उपलब्धताका आधारहरुः** अनुदान ग्राहीलाई देहाय बमोजिमको आधारमा रकम भुक्तानी गरिनेछ ।

(क) एकै प्रकृतिको कार्यक्रममा दोहोरो पर्ने गरि समावेश गराइने छ ।

(ख) कार्यक्रम संचालनको लागि विगत २ वर्षभित्र सोहि विषयमा अनुदान प्राप्त गरेका हरुलाई अनुदान कार्यमा सहभागी गराइनेछैन । तर क्षेत्र विस्तार गर्न यस खण्डले बाधा पार्ने छैन ।

(ग) कार्य प्रगति र कार्य सम्पन्नताको आधारमा भुक्तानी दिईनेछ ।

(घ) कार्यक्रम संचालनका लागि खर्च भएको विवरण दुरुस्त राख्नु पर्नेछ ।

(ङ) कार्य सम्पन्न भए पश्चात अनुदानग्राहीले कार्य सम्पन्न प्रतिवेदन र आवश्यक कागजात सहित ६-६ महिना भित्र भुक्तानी माग गर्नुपर्नेछ ।

## परिच्छेद-३

**९. समिति सम्बन्धि व्यवस्था** : यस कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न देहाय बमोजिम समिति रहनेछ।

(१) कार्यक्रम मुल्यांकन समितिः

| | |
|---|---|
| (क) योजाना शाखा प्रमुख | संयोजक |
| (ख) आर्थिक विकास समिति प्रमुख | सदस्य |
| (ग) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(१.१) मुल्यांकन समितिले आवश्यकता अनुसार कुनै विशेशसग्य वा पधाधिकारी वा विषयगत शाखाका प्रशिक्षकलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१.२) प्रस्तावित निवेदन माथि स्थलगत अनुगमन तथा मुल्यांकन गरि प्रस्ताव छनोट गर्न समितिको मुख्य काम कर्तव्य हुनेछ ।

(२) अनुगमन समिति

| | |
|---|---|
| (क) रेसुङ्गा नगरपालिका उपप्रमुख | संयोजक |
| (ख) आर्थिक विकास समितिको संयोजक वा सदस्य | सदस्य |
| (ग) योजना शाखा प्रमुख | सदस्य |
| (घ) कृषि विकास शाखा प्रमुख | सदस्य सचिव |

(२.१) अनुगमन समितिले आवश्यकता अनुसार कुनै विशेशसग्य वा पदाधिकारिकाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२.२) स्वीकृत व्यवसायिक योजना अनुसार कार्य भए नभएको तथा अनुदान रकम सदुपयोग भए नभएको अनुगमन गर्ने ।

(२.३) यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा फुकाउने कार्य गर्ने ।

(२.४) कार्यक्रम प्रभावकारी बनाउन स्थलगत अनुगमन तथा निरीक्षण गर्ने/गराउने ।

(२.५) अनुगमन कार्यका लागि आवश्यकता अनुरुप उपसमिति गठन परिचालन गर्ने ।

## परिच्छेद- ४

## विविध

**१०. प्रचलित कानुनको लागु हुने**: यस कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यसै कार्यविधि बमोजिम व्यवस्था भएकोमा सोहि बमोजिम तथा यस कार्यविधिमा व्यवस्था नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ । यस सन्दर्भमा दुविधा उत्पन्न भएमा पालिकाको व्याख्या अन्तिम हुनेछ ।

**११. संशोधन तथा परिमार्जन** : यस नगरपालिकाले कार्यविधि आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसूची- १

दफा ५ को उपदफा ’क- सँग सम्बन्धित

करार खेति कार्यक्रम संचालन सम्बन्धि सुचनाको नमूना

रेसुङ्गा नगरपालिका कृषि विकास शाखाको आ.व. २०८०/०८१ को स्वीकृत बजेट अन्तर्गत करार खेति कार्यक्रम संचालन गर्न इच्छुक कृषि फर्म तथा कृषकहरुले तपशिलका आवश्यक कागजात सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| क्र.स. | कार्यक्रमको नाम | न्युनतम मापदण्ड | अनुदान सिमा | कैफियत |
|---|---|---|---|---|
| १. | जग्गा भाडामा लिई व्यवसायिक खेति गर्ने कृषकलाई अनुदान कार्यक्रम । | १. कम्तिमा ३ वर्षीय करारनामा हुनुपर्नेछ । २. न्युनतम १ अधिकतम २५ रोपनीसम्म जग्गा भाडामा लिएको हुनुपर्नेछ । | १. प्रति रोपनी १००० वा करारनामा बमोजिमको रकममा जुन कम हुन् आउछ, सोहि रकम १००% का दरले वार्षिक २ किस्तामा उपलब्ध गराइनेछ | |

संलग्न गर्नुपर्ने कागजातहरु :

१. निवेदन अनुसूची ३ बमोजिम ।
२. निवेदकको नागरिकता प्रतिलिपि ।
३. फर्मको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. जग्गाधनी र भाडामा लिने कृषक वा कृषि फर्मबिचको सम्झौता प्रतिलिपि ।
५. खेति गर्ने कृषक वा कृषक समूह वा फर्मले सम्झौता अवधिभर खेति गर्ने
६. सम्बन्धि वडा कार्यालयको सिफारिस पत्र ।

## अनुसूची- २

## दफा ५ को उपदफा 'ग' संग सम्बन्धित

## करार खेति कार्यक्रम संचालन सम्बन्धि आवेदन-पत्रको निवेदन ढाँचा

मिति................

श्री.................ज्यु

रेसुङ्गा नगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

गुल्मी

विषय :- करार खेति कृषि कार्यक्रमका लागि प्रस्ताव पेश गरेको बारे |

महोदय,

रेसुङ्गा नगरपालिकाको मिति................ मा प्रकाशित सूचना अनुसार मैले ................ जग्गा करारमा लिई ........................ व्यवसायिक कृषि कार्यक्रम संचालन गर्न इच्छुक रहेकाले तपशिल अनुसारको कागजातहरु संलग्न गरि यो निवेदन पेश गरेको छु | उक्त कार्यक्रम प्राप्त भएमा सम्झौता तथा मापदण्डमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गर्नेछु र यस कार्यक्रमको लागि गरिएको सम्झौता तथा मापदण्ड बिपरित गरेको पाइएमा विधमान कानुन बमोजिम कारवाहीको भागेदारी हुन मन्जुर रहेको व्यहोरा समेत जानकारी गर्दछु/गराउदछौ |

तपशिलः

१. अनुसूची ४ अनुसारको आयोजना प्रस्ताव |
२. नेपाल नागरिकताको प्रमाण प्रतिलिपि |
३. जग्गाको सम्झौतापत्र |
४. खेति गर्ने कृषक वा कृषि फर्मले सम्झौता अवधिभर खेति गर्ने प्रतिबद्दतापत्र |
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र |

**अनुसूची- ३**

**दफा ५ को उपदफा (३) सँग सम्बन्धित**

**करार खेति कार्यक्रम संचालन प्रस्ताव ढाँचा**

(क) व्यक्तिगत विवरण

१. प्रस्ताव पेश गर्ने व्यक्तिको नामः
२. नेपाल राष्ट्रिय परिचयपत्र वा नागारिकता नं.:
३. जन्म स्थान तथा स्थायी ठेगानाः
४. लिङ्गः
५. वैवाहिक स्थितिः

(ख)प्राविधिक प्रस्ताव

१. आयोजनाको कार्यक्षेत्र

२. आयोजनाको उदेश्य

३. आयोजना अन्तर्गत संचालन हुने गतिविधि

४. अपेक्षित उपलब्धि (प्राथमिक तथा अन्य नतिजा तथा प्रभाव भौतिक तथा सामाजिक)

(ग) आर्थिक प्रस्ताव

१. व्यवसायिक योजना अनुसार आयोजनाको कुल लागत रकम रु...............

२. व्यवसायीको आफ्नो योगदान : रु...................

३. रेसुङ्गा नगरपालिकाबाट माग गरिएको अनुदान रकम रु...................

## अनुसुची-४

## दफा ६ को उपदफा 'क' सँग सम्बन्धित

## सम्झौता पत्रको नमुना

## व्यवसायिक करार खेति कार्यक्रम सम्झौता पत्र

रेसुङ्गा नगरपालिका कार्यालय (यस पछि पहिलो पक्ष भनिएको) कृषक रेसुङ्गा नगरपालिका वडा न.....(यस पछि दोस्रो पक्ष भनिएको) बीच तपशिलका शर्तहरुलाई पालना गर्ने कुरा मञ्जुर गरिन्छ ।

आज मिति ............. का दिन, यो सम्झौतामा संलग्न स्टिमेट र देहायका शर्तहरु बमोजिमको कार्य यथाशिघ्र संचालन गरि मिति ........... गते सम्म सम्पन्न गरेर आवश्यक कागजात सहित दोश्रो पक्षले पहिले पक्ष समक्ष पेश गर्ने गरि सम्झौता गरियो ।

१. यस सम्झौता बमोजिमको व्यवसायिक करार खेति कृषि कार्यक्रम संचालन सम्बन्धि सम्पूर्ण कार्य दोश्रो पक्ष आफैले गर्नुपर्ने छ । दोश्रो पक्ष आफैले नगरी अन्य व्यक्ति वा संस्था मार्फत गर्न पाइने छैन ।
२. सम्झौता बमोजिमको कार्य संचालन तथा सम्पन्नको लागि पहिलो पक्ष बाट अनुदान स्वरूप रु .........व्यहोरिने छ।
३. अनुदान प्राप्त कृषक वा कृषक समुह वा फर्मले प्रत्येक ६-६ महिनामा रेसुङ्गा नगरपालिका कृषि विकास शाखामा प्रतिवेदन बुझाउनुपर्नेछ । कार्य सम्पन्न प्रतिवेदनका आधारमा प्रत्येक वर्ष २ किस्तामा भुक्तानी गरिनेछ ।
४. दोश्रो पक्षले सम्झौता बमोजिमको काम गर्दा पहिलो पक्षबाट खटिएका प्राविधिकहरुले दिएको निर्देशन पालना गर्नु पर्ने छ ।
५. पहिलो पक्षले नगरपालिकाबाट पेश गरेर स्वीकृत भएको व्यवसायिक योजना बमोजिम काम गर्नु पर्ने छ ।
६. प्रथम पक्षले दोस्रो पक्षलाई भुक्तानी दिदा प्रथम पक्ष समक्ष आवश्यक कागजात पेश भए पश्चात सम्बन्धित दोश्रो पक्षको नाममा भुक्तानी दिने छ ।
७. दोश्रो पक्षको लापरवाहीको कारणबाट हानि नोक्सानी भएमा त्यसको सम्पूर्ण जिम्मेवारी दोश्रो पक्षले लिनु पर्दछ ।
८. सम्झौता बमोजिमको कार्य गर्दा कुनै बिबाद आएमा पहिलो पक्षको निर्णय अन्तिम हुनेछ ।
९. यो सम्झौतामा उल्लेख भएका कुराहरु यस बमोजिम र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| पहिलो पक्ष | रोहवर | दोश्रो पक्ष |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखत |
| नामः | नामः | नामः |
| पदः | पदः | पदः |

## अनुसुची-५

**(दफा ५ को उपदफा (ङ) सँग सम्बन्धित)**

अन्तिम मुल्यांकन आधार

१. कृषक/कृषक समुह/कृषि सहकारी/फर्मको नामः

२. ठेगानाः

३. सम्पर्क व्यक्तिको नामः

४. सम्पर्क नं.

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषयः

| क्र.स. | मुल्यांकनको आधार सूचक | पूर्णाङ्क | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १. | प्रस्तावित कार्यक्रमको व्यवसायिक योजना | ३० | | |
| २. | सामाजिक समवेसिता | १५ | | |
| ३. | आर्थिक अवस्था | १५ | | |
| ४. | थप रोजगार सिर्जना | १० | | |
| ५. | खेति गर्ने प्रस्तावित जग्गाको क्षेत्रफल | १० | | |
| ६. | कृषि सम्बन्धि तालिम/अध्यन भएको | १० | | |
| ७. | भौतिक पूर्वाधार(सिंचाई,सडक,बिधुत आदिको उपलब्धता) | १० | | |
| | जम्मा | १०० | | |

आज्ञाले

बाबुराम पल्ली

प्रमुख प्रशासकिय अधिकृत